# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७४ असोज ६ गते

### नन्दप्रसाद अधिकारीको मृत्यू भएको तीन वर्ष पूरा भएको दिन, दण्डहीनताको अन्त्य गर ।

आमरण अनसनका क्रममा गोरखा फुजेलका नन्दप्रसाद अधिकारीको मृत्यू भएको तीन वर्ष बिति सक्दा समेत उनको शवको आफ्नो धर्म संस्कृति तथा परम्परा अनुसार अन्तेष्टि हुन पाउने शरीरको अधिकारको हनन् भएको अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

छोरा कृष्ण प्रसाद अधिकारीको हत्या विरुद्ध न्यायका लागि आमरण अनशनमा बसेका अधिकारीको ३३४ दिनको लामो अनसनकै क्रममा शिक्षण अस्पतालमा २०७१ असोज ६ गते मृत्यू भएको थियो । न्याय प्राप्त गर्नु नागरिकको नैसर्गिक अधिकार हो । तर कृष्णप्रसादको हत्या सम्बन्धमा तत्काल न्याय निरुपणमा सरकार उदासिन रहँदै आएको हुँदा घटनाका पीडितले न्याय प्राप्त गर्न नसकेको देखिएको छ ।

आयोगले कृष्णप्रसाद अधिकारीको हत्या सम्बन्धमा नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पटक-पटक पत्राचार एवं सिफारिस गरेको छ । यस घटनालाई आयोगले दु:खद् घटनाको रुपमा लिएको छ । नन्दप्रसाद अधिकारीको शवको आफ्नो धर्म संस्कृति अनुसार अन्तेष्टि हुन पाउने शरिरको अधिकारको सम्मान गर्न तथा पीडितलाई न्याय प्रदान गर्नका लागि तत्काल पहल गर्न आयोग नेपाल सरकारको पुन: ध्यानाकर्षण गराउँदछ ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org